# सुदूरपश्चिम विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय
## महेन्द्रनगर, कञ्चनपुर

प.सं. २०७८/०७९
च.नं..........

मिति २०७९।०२।०८

**विषय : विद्यावारिधि उन्मुख दर्शनाचार्य "एम.फिल (M.Phil.Leading to PhD)"/ विद्यावारिधि (PhD) कार्यक्रममा रजिष्ट्रेशन फाराम भर्ने भराउने सम्बन्धी सूचना**

शैक्षिक सत्र २०७७/०७८ (२०२१) र २०७८/०७९ (२०२२) मा यस विश्वविद्यालयमा **विद्यावारिधि उन्मुख दर्शनाचार्य "एम.फिल (M.Phil.Leading to PhD)"/ विद्यावारिधि (PhD) कार्यक्रममा** भर्ना भई अध्ययन गरिरहेका विद्यार्थीहरुको विश्वविद्यालयमा अभिलेखी करण गर्नुपर्ने प्रावधान अनुरुप विश्वविद्यालयको रजिष्ट्रेशन फाराम मिति २०७९/३/८ गतेभित्र भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी तथा सङ्कायको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **आवश्यक कागजातहरु :-**

(क) सबै तहका (एस.एल.सी/एस.ई.ई. देखी स्नातकोत्तर तह दर्शनाचार्य सम्म उत्तीर्ण गरेको) शैक्षिक प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिका साथै अन्तिम तह अध्ययन गरेको संस्थाबाट प्राप्त सक्कलै माइग्रेशन संलग्न हुनु पर्ने छ।

(ख) विदेशी शैक्षिक संस्था वा बोर्डबाट अध्ययन गरी आएका विद्यार्थीहरुको समकक्षता निर्धारण (Equivalent) प्रमाणपत्र अनिवार्य हुनुपर्नेछ।

(ग) सम्पूर्ण कागजातहरुको प्रतिलिपिहरुलाई सम्बन्धित सङ्कायका डीन/सहायक डीनले प्रमाणित गरी सङ्कायको छाप लगाउनु पर्नेछ।

(घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो।

२. आफ्नो नाम थर, जन्म मिति, बुवाको नाम थर र अन्य बेहोरा सुरुदेखि अन्त सम्मका सम्पूर्ण प्रमाणपत्रहरुमा एकै नासको हुनुपर्नेछ, साथै रजिष्ट्रेशन फाराममा सबै विवरण प्रष्ट बुझिने गरी विद्यार्थी स्वयंले भर्नुपर्नेछ।

३. सङ्कायले रजिष्ट्रेशन फाराम पठाउँदा प्रत्येक फाराम रुजु गरी अंग्रेजी वर्णानुक्रम अनुसार मिलाई विश्वविद्यालयको फर्मेटमा डाटा इन्ट्री गरी एक प्रति प्रमाणित गरेको प्रिन्ट सहित CD मा राखी वा info@fwuexam.edu.np मा E-Mail अनिवार्य पठाउनुपर्नेछ। डाटा इन्ट्री फर्मेट परीक्षा नियन्त्रण कार्यालयको वेवसाइट fwuexam.edu.np/downloads बाट पनि प्राप्त गर्न सकिनेछ।

४. विश्वविद्यालयको नीति नियम र विनियमानुसार सबै प्रक्रिया पुरा गर्नुका साथै कुनै प्रमाण लुकाई छलकपट गरी झुक्याएको पाइएमा विद्यार्थी स्वयं जिम्मेवार हुनेछ।

५. **रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. २०००।- (अक्षरेपी दुई हजार मात्र) लाग्नेछ।**

६. सम्बन्धित सङ्कायले मिति २०७९/०३/१२ गतेभित्र यस परीक्षा नियन्त्रण कार्यालयको नबिल बैङ्क महेन्द्रनगरको खाता नम्बर २९०१०१७५००४२४ या नेपाल बैङ्क लिमिटेड महेन्द्रनगरको खाता नम्बर १५६००१०६८७४६६९००००००१ मा एकमुस्ट दस्तुर रकम जम्मा गरेको बैङ्क भाउचर सहित रजिष्ट्रेशन फाराम परीक्षा नियन्त्रण कार्यालयमा बुझाई सक्नु पर्ने छ।

७. रजिष्ट्रेशन सम्बन्धी सूचना एवम् थप जानकारी परीक्षा नियन्त्रण कार्यालयको फोन नं. ०९९-५२६२४३ मा सम्पर्क गरेर वा प.नि.का.को **Website: www.fwuexam.edu.np**, या **exam.fwu.edu.np** मा पनि हेर्न सकिनेछ।

.............
(देवसिंह नाथ)
परीक्षा नियन्त्रक